# घरनकिाला हुनबाट संरक्षण प्रदान गर्ने सीडीसीको आदेशका तथ्य

अगस्त २, २०२१ मा रोग नयिन्त्रण केन्द्र सीडीसीले कोभडि १९ को फैलावट रोक्न सघाउने उद्देश्यले अमेरकिामा रहेका भाडावालहरुलाई घरनकिाला हुनबाट संरक्षण प्रदान गर्ने आदेशको घोषणा गरेको थियो । यो आदेश कोभडि संक्रमणदर उच्च वा प्रयाप्त भएका अमेरकिाका काउन्टीहरुमा बस्ने भाडावालहरुका लागि अगस्त ३, २०२१ देखि अगस्त ३, २०२१ सम्म लागु हुन्छ । जुलाई ३१ मा म्याद सएकिो पहलिेको सीडीसीको आदेश अनुशार आवेदन दएिकाहरुले पुन नयाँ घोषणा आवेदन पेश गर्न आवश्यक छैन । यो आदेशले घरनकिाला हुनबाट राज्य र स्थानीय स्तरमा प्रदान गरएिका बलयिा संरक्षणहरुको प्रतस्थिापन वा ओभरराइड गर्दैन । भाडावाल र अधकिारकर्मीहरुले  स्थानीय, राज्य र संघीय स्तरको बलयिो संरक्षणका लागि कामलाई नरिन्तरता दनिुपर्छ । **संसदले राज्य र काउन्टीहरुमार्फत भाडा र युटलिटिी सहायताका लागि ४० बलियिन डलरभन्दा धेरै उपलब्ध गराएको छ । आफ्नो क्षेत्रमा कसरी आवेदन दनि भन्ने थाहा पाउन https://bit.ly/CFPBERAP  मा क्लीक गर्नुहोला ।**

## तपाईले के जान्न आवश्यक छ

- यो आदेशले कोभडि १९ को संक्रमणदर उच्च वा प्रयाप्त भएका काउन्टीहरुमा एकल परविारका घर, मोबाइल घरहरु, अपार्टमेन्टहरु लगायत लगभग सबै भाडाका सम्पत्तहिरुलाई समेट्छ । आफू यो आदेशले समेटएिको क्षेत्रमा भए नभएको थाहा पाउन घरवेटी र भाडावालले **https://covid.cdc.gov/covid-data-tracker/#county-view**  मा क्लीक गर्नसक्नेछन् ।
- यदि भाडावालले घरवेटीलाई सीडीसी घोषणा आवेदन पेश गरेको भएमा यो आदेशले  योग्य क्षेत्रमा बस्ने भाडावालहरुलाई अक्टोबर ३, २०२१ सम्म भाडा नतरिका कारण घरनकिाला गर्नबाट घरवेटीहरुलाई रोक लगाउँछ । (घोषणा तल हेर्नुहोला ।)
- एकपटक भाडावालले घरवेटीलाई घोषणा पठाइसकेपछि अक्टोबर ३, २०२१ अगाडि भाडा नतरिका कारण घरवेटीले भाडामा बस्नेलाई हटाउन वा हटाउने कारणका लागि भाडामा बस्नेलाई घर नकिाला गर्न न्यायकि मुद्दा लगाउने, सताउने, डर देखाउने लगायतका कुनै कदम चाल्न पाउनेछैन ।
- यसले भाडावालले तर्नि रकम थपदिै जानका लागि रोक लगाउने वा रद्द गराउने काम गर्दैन । यसरी थपदिै गएको भाडा रकम आदेशको म्याद सकएिपछि तर्निबाँकी रकमका रुपमा रहनेछ ।
- राज्य वा स्थानीय कानूनले घरनकिाला हुनबाट बलयिो संरक्षण प्रदान गरेको अवस्थामा बाहेक यो आदेशले भाडामा बसरिहेकाहरुलाई अक्टोबर ३, २०२१ अगाडि नै भाडा नतरिको बाहेक अन्य नश्चिति कारणले घरनकिाला गर्न भने अनुमति प्रदान गर्छ । परसिरमा रहँदा कुनै आपराधकि गतविधिमिा संलग्नता; अरु बासन्दिाको स्वास्थ्य र सुरक्षामा खतरा; क्षति वा सम्पत्तकिो क्षतकिो महत्वपूर्ण र तत्काल जोखमि; स्वास्थ्य आदेश वा अन्य स्वास्थ्य र सुरक्षासम्बन्धि भिवनका कुनै नयिमको उल्लंघन; वा समयमै भाडा तर्नि वा आवास सम्बन्धि रकम तर्नि अन्य त्यस्तै खालका सम्झौता (नतरिको रकम, बलिम्ब शुल्क, जरविाना र ब्याज समेत) अन्य कुनै सम्झौताको उल्लंघन ।

## के म योग्य छु ?

नम्नि अवस्थामा भाडावालहरु संरक्षणका लागि योग्य हुनेछन् :

- सीडीसीले तोके अनुशार उच्च वा प्रयाप्त कोभडि संक्रमणदर भएका काउन्टीमा बस्दै आएको नआएको बारे थाहा पाउन **https://covid.cdc.gov/covid-data-tracker/#county-view** मा क्लीक गर्नुहोला ।
- स्वास्थ्य सम्बन्धि खिर्च वा आम्दानी गुमाएका कारण भाडा तर्नि नसकेमा ।
- २०२१ को आम्दानी व्यक्तकिो हकमा ९९ हजार डलरभन्दा कम हुने, परविारको हकमा १ लाख ९८ हजार डलरभन्दा कम हुने देखएिमा वा सरकारी राहत चेक प्राप्त गरेको भएमा वा योग्य भएका कारण सन् २०२० को ट्याक्स फाइल नगरेको भएमा ।
- कुनै उपलब्ध सरकारी भाडा सहायता फण्डमा पहुच कायम गर्ने प्रयास गरेमा वा गरेको भएमा ।
- आंशकि भाडा भुक्तानीसहति उनीहरुले सकेजति सम्भिव भएसम्म भाडा तर्नि बाध्य हुनेकुरा बुझेको खण्डमा ।
- यदि घिरनकिाला गरएिमा भाडावाल घरवारवहिनि हुने अवस्था भएमा वा भीडभाडयुक्त स्थानमा जानुपर्ने अवस्था भएमा वा दयनीय जीवनयापन हुने अवस्था भएमा ।

यी संरक्षणहरु प्राप्त गर्नका लागि भाडावाल र घरमा बस्ने सबै बयस्कहरुले उनीहरु योग्य रहेको र कानुनी मापदण्ड अन्तरगत सत्य बोलेको उल्लेख गर्दै हस्ताक्षर गरएिको घोषणा (तल हेर्नुहोला) उनीहरुका घरवेटीलाई बुझाउनुपर्नेछ । भाडावालहरुले पनि घिरवेटीसँग गरएिका सबै पत्राचार र घोषणाको प्रति आफूसँग राख्नुपर्छ ।

सबै अदालतहरुले सीडीसीको आदेशलाई एउटै तरकिाले व्याख्या गरेका छैनन् । र केही न्यायकि क्षेत्राधकिारभत्रि यो संरक्षण लागु नहुनसक्छ । यदि तपाईले घरनकिालाको अवस्था सामना गररिहनुभएको छ वा घोषणाका सन्दर्भमा कुनै कानुनी सहायताको आवश्यकता भएमा सम्पर्कमा रहरिहनका लागि तपाईको स्थानीय कानुनी सहायता संस्था वा स्थानीय सामुदायकि आयोजक समुहहरुसँग सम्पर्क गर्नुहोला ।

OMB Control No. 1920-1303
Form Expiration: 9/30/2021

# घरनिकाला संरक्षण घोषणा

रोग नियन्त्रण तथा रोकथाम केन्द्र सीडीसीले घरनिकाला हुनबाट वा तपाई जहाँ बस्नुभएको छ त्यहाँबाट हटाइनबाट संरक्षण प्रदान गर्नसक्ने आदेश जारी गरेको छ । **जसको अर्थ तपाई योग्य भएको खण्डमा आफू बसिरहेको स्थानमा अक्टोबर ३, २०२१ सम्म बस्न सक्नुहुनेछ ।**

## यो फर्मको प्रयोग कसरी गर्ने ?

1. तपाई सीडीसीको आदेश अनुशार घर निकाला हुनबाट संरक्षित हुन योग्य भए नभएको थाहा पाउनुहोस् । यदि तपाईलाई विज्ञबाट सहायताको आवश्यकता परेमा ८०० ५६९ ४२८७ मा सम्पर्क गर्नुहोस् वा स्थानीय हाउजिङ एण्ड अर्बन डेभलपमेन्टबाट मान्यता प्राप्त हाउजिङ सल्लाहकारका लागि सम्पर्क सुचना प्राप्त गर्नका लागि https://www.hudexchange.info/programs/housing-counseling/rental-eviction/ मा जानुहोस् ।
2. अर्को पृष्ठमा आफू योग्य रहेको घोषणामा हस्ताक्षर गर्नुहोस् ।
3. हस्ताक्षर गरेको घोषणाको पृष्ठ जोबाट भाडामा लिनुभएको हो उक्त कम्पनी वा व्यक्ति (उदाहरणका लागि भवन व्यवस्थापन वा घरवेटी) लाई दिनुहोस् । आफ्नो रेकर्डका लागि घोषणको प्रति वा फोटो राख्नुहोस् । र कुनै समस्या भएमा पछि आफ्नो विज्ञलाई सम्पर्क गर्नुहोस् ।

यदि तपाईको घरवेटीले सीडीसीको आदेशको उल्लंघन गरेको खण्डमा उनीहरुलाई जरिवाना वा जेलसजाय हुनेगरी आपराधिक दण्ड हुनसक्नेछ ।

---

## १. के म योग्य छु ?

*यदि तपाईले तलका हरेक कोलमका कम्तीमा एउटा बक्समा टिक लगाउन सक्नुहुन्छ भने तपाई योग्य हुनुहन्छ ।*

### *कोलम 'ए'*

☐ मैले सन् २०२१ वा २०२० मा सरकारी राहत चेक (आर्थिक प्रभाव रकम) प्राप्त गरें ।

☐ म योग्य भएका कारण सन् २०२० को आम्दानी आईआरएसलाई जानकारी दिन आवश्यक थिएन ।

☐ म यीमध्ये **कुनै** सुविधाहरु लिइरहेको छु ।

- पूरक पोषण सहायता कार्यक्रम (SNAP)
- अभावग्रस्त परिवारका लागि अस्थायी सहयोग (TANF)
- पूरक सुरक्षा आम्दानी (SSI)
- पूरक सुरक्षा अक्षमता आय (SSDI)

☐ सन् २०२० वा २०२१ मा मैले व्यक्तिगत रुपमा ९९,००० डलर वा संयुक्त रुपमा ट्याक्स फाइल गर्नेका सन्दर्भमा १९८, ००० डलर **भन्दा कम** आम्दानी गरें वा गर्ने अपेक्षा छ।

**माथिका मध्ये कुनै पनि छैन भने –** तपाई योग्य हुनुहुन्न ।

*र*

### *कोलम बी*

म मेरो भाडाको सबै रकम तिर्न वा आवासको पूरै तिर्न सक्दिन । किनकी :

☐ मेरो घरको आम्दानी प्रयाप्त मात्रामा घटेको छ

☐ म कामबाट निकालिएको छु

☐ मेरो काम गर्ने घण्टा वा ज्याला घटाइएको छ

☐ मेरो पकेट खर्चले नधान्ने असाधारण मेडिकल खर्च छ[1]

**माथिका मध्ये कुनै पनि छैन भने** तपाई योग्य हुनुहुन्न ।

## तपाईले हरेक कोलमको कम्तीमा एउटा बक्समा टिक लगाउनुभयो ? तपाईको आम्दानीको स्तर योग्यभित्र पर्छ।

[अर्को पृष्ठको पहिलो बक्समा टिक लगाउनुहोस् ।]

[1] बर्षका लागि कुल समायोजित आम्दानीमा ७ दशमलव ५ प्रतिशत वा त्यो भन्दा धेरै गिरावट आएको अवस्थाका रुपमा परिभाषित

## २. मेरो घोषणा जसका लागि म योग्य छु

तलको बक्सहरुमा टिक लगाएर म घोषणा गर्छु कि मेरो बयान सत्य छ ।

- ☐ मैले माथि व्याख्या गरेको कारणबाट मेरो आम्दानीको स्तर योग्यतामा पर्छ ।
- ☐ म सामुदायिक स्तरमा कोभिड संक्रमणदर प्रयाप्त वा उच्च[2] मात्रामा भएको अमेरिकाको काउन्टीमा बस्छु ।
- ☐ मैले सम्भव भएसम्म भाडाको पूरै रकमको नजिक हुनेगरी आशिंक रुपमा रकम तिर्नका लागि र हाउजिङ पेमेन्ट वा भाडा तिर्नका लागि सरकारी सहायता पाउनका लागि सकेजति गरेको छु । [3]
- ☐ यदि म घरनिकाला भएको खण्डमा मेरो अरु कुनै पनि उपलब्ध आवासीय विकल्प छैन । जसका कारण:
  - सम्भवत घरबारविहिन हुनेछु, **<u>वा</u>**
  - होमलेस सेल्टरमा जानुपर्नेछ, वा
  - अरुकोमा मिसिन जानुपर्नेछ जो कोचिएर बसिरहेका छन् ।
- ☐ मैले हस्ताक्षर गरेपछि म बुझ्छु कि:
  - घरवेटीसँग कुनै सहमति कायम भएको अवस्थामा बाहेक म भाडा, पहिलेको भाडा र कुनै शुल्कहरु, जरिवाना वा लिज सहमति अन्तरगतको ब्याज रकम तिर्न अझै पनि जिम्मेबार छु ।
  - मैले अझै पनि लिजका शर्तहरुको पालना गर्नुपर्छ ।
  - घरवेटीसँग कुनै सहमति कायम भएको अवस्थामा बाहेक यदि म आवश्यक भाडारकम तिर्न असफल भएको खण्डमा म घरनिकाला हुनमा रोक लगाउने अस्थायी आदेश अन्त्य भएपछि घरबाट निकालिन सक्छु ।
  - म भाडा नतिरेको वा हाउजिङ पेमेन्ट नगरेको कारणबाट अन्य कारणबाट अझै पनि घरबाट निकालिन सक्छु ।

### भाडावालहरूका लागि समस्या निवारण उपकरणहरू

**आपतकाल भाडा आर्थिक सहयोग खोज्नुहोस्**
८०० ५६९ ४२८७ मा फोन गरेर स्थानीय हाउजिङ एण्ड अर्बन डेभलपमेन्टबाट मान्यता प्राप्त हाउजिङ सल्लाहकारको सुची पत्ता लगाउनुहोस् ।

**ऋण तिर्ने सन्दर्भको समस्या रिपोर्ट गर्नुहोस्**
उपभोक्त वित्तिय संरक्षण ब्यूरोमा गुनासो पेश गर्नुहोस्
cfpb.gov/complaint

**विभेदबारे रिपोर्ट गर्नुहोस्**
गुनासो पेश गर्नुहोस् । हाउजिङ एण्ड अर्बन डेभलपमेन्टमा ८०० ६६९ ९७७७ मा फोन गर्नुहोस् ।

***गवाहीको दण्ड अन्तर्गत म यो घोषणामा[4] हस्ताक्षर गर्दछु। जसको अर्थ माथिको बयान सत्य भएको प्रतिज्ञा गर्दछु। साथै मलाई थाहा छ कि झुठका लागि म अपराधीका रुपमा दण्डित हुनसक्नेछु।***

हस्ताक्षर:

X ____________________________________________ मिति: ______________

## ३. भाडामा लिनुभएको कम्पनी वा व्यक्तिलाई हस्ताक्षर गरेको यो पृष्ठ दिनुहोला।

**घरवेटीहरुका लागि:** *तपाईंको अनुपालनको लागि धन्यवाद। यदि तपाईंले सीडीसीको निष्कासन आदेशको उल्लंघन गर्नुभयो भने, तपाईं र / वा तपाईंको व्यवसाय कारावास वा जरिवानासहित आपराधिक जरिवानाको अधीनमा हुन सक्छ।*

---

[2] कुन काउन्टीमा कोभिड संक्रमणदर कति छ भन्नेबारे एकीकृत विवरण हेर्नुहोस् । https://covid.cdc.gov/covid-data-tracker/#county-view/

[3] तपाईका लागि उपलब्ध सबै सहायता पत्ता लगाउनका लागि स्थानीय विज्ञहरुलाई सम्पर्क गर्नु उचित तरिका हो । ८०० ५६९ ४२८७ मा फोन गरेर स्थानीय हाउजिङ एण्ड अर्बन डेभलपमेन्टबाट मान्यता प्राप्त हाउजिङ सल्लाहकारको सुची पत्ता लगाउनुहोस् ।

[4] यदि तपाईले पहिले नै घरनिकाला हुनबाट संरक्षण प्रदान गर्ने घोषणमा हस्ताक्षर गर्नुभएको छ भने तपाईले अर्को पेश गर्न आवश्यक छैन ।